# मेन्छयायेम गाउँपालिका
Menchhayayem Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
## मोराहाङ्ग,तेह्रथुम
Morahang, Tehrathum

कोशी प्रदेश,नेपाल
Koshi Province, Nepal

पत्र संख्याः२०८१/०८२
चलानी नं.: ९३९

मितिः २०८२/०३/३२

मेन्छयायेम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मोराहाङ्ग, तेह्रथुम कोशी प्रदेश, नेपाल

**सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धि सूचना ।**

**सामाजिक सुरक्षा नियमावली, २०७६** को नियम (९) तथा **सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७** को दफा ४ अनुसार यस गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले आ.ब. २०८२/०८३ मा नियमित रूपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि लाभग्राहीहरूले आ-आफ्नो वडा कार्यालयमा **स्वयं उपस्थित** भई अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिई राष्ट्रिय परिचयपत्र नम्बरको आधारमा बायोमेट्रिक भेरिफिकेसन गरी मिति २०८२ साउन १ गतेदेखि भदौ मसान्त भित्र परिचयपत्र नविकरण गरिसक्नु पर्ने भएको हुँदा तोकिएको ढाँचामा निवेदन दिई अनिवार्य रूपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ । साथै तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान नगरिने व्यहोरा जानकारी गराइन्छ ।

**सामाजिक सुरक्षा भत्ता नवीकरण गर्नका लागि आवश्यक कागजातहरू:-**

१. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. बालबालिकाको हकमा जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपिका साथै आमाको वा आमा नभए संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाणपत्र,

३. लाभग्राहीहरूले राष्ट्रिय परिचयपत्र प्राप्त गरी सकेको भए राष्ट्रिय परिचयपत्रको फोटोकपी, आवेदन मात्र भरिसकेको भए आवेदनको फोटोकपी,

४. जेष्ठ नागरिक, एकल महिला तथा विधवाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, अर्को विवाह नगरेको वडाको सिफारिस,

५. अपाङ्ग भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

६. बालवालिका, पूर्ण अपाङ्ग र ९० बर्ष माथिका जेष्ठ नागरिकको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने, अन्य सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही स्वयम् उपस्थित हुनुपर्नेछ ।

७. लाभग्राहीको हालसालै खिचेको पासपोट साइजको २ प्रति फोटो, लाभग्राही परिचयपत्र ।

**पुनश्च :** सामाजिक सुरक्षा भत्ता नविकरण गर्न आउँदा नविकरण गरेको निस्सा अनिवार्य रूपमा बुझिलिन हुन अनुरोध छ साथै तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने र सो को जिम्मेवार स्वयं लाभग्राहीनै हुने व्यहोरा अनुरोध छ ।

अभिषेक घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अभिषेक घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित) परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा**

मितिः .... ।..।...

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा ।**

श्री वडाध्यक्ष ज्यू,

...........वडा कार्यालय,

मेन्छयायेम गाउँपालिका,

कोशी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा चालू आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन । व्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ ।

**लाभग्राहीको विवरणः**

नाम थरः-

राष्ट्रिय परिचयपत्र नं.:-

लिङ्गः-

सम्पर्क मोबाइल नंः-

लक्षित समूहः-

दस्तखतः-

सामाजिक सुरक्षा परिचयपत्र नंः-

मितिः-

**संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)**

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिकोः-

नाम थरः-

राष्ट्रिय परिचयपत्र नं.:-

नागरीकता प्रमाणपत्र नं.:-

भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः

दस्तखतः.... सम्पर्क मोबाईल नं.:-

जारी भएको जिल्ला र मितिः-

**कार्यालय प्रयोजनको लागि**

दर्ता नं.:-

रूजु गर्ने कर्मचारीकोः

नाम थरः

पदः